# पुनर्जागरण समाज नेपाल

**(Renaissance Society Nepal)**

# बार्षिक प्रगति प्रतिवेदन

# २०६३/०६४

तथा

# कार्यक्रम योजना

# २०६४/०६५

# पुनर्जागरण समाज नेपाल

# बार्षिक प्रगति प्रतिवेदन २०६३/०६४

## परिचयः

पुनर्जागरण समाज नेपालको स्थापना उद्देश्य अनुरुप २०५१ साल आषाढ देखि यसले सामाजिक परिचालन, गरीव र पिछडिएका वर्ग, महिला तथा वालवालिकाको हितको लागि संगठन निर्माण, शशक्तिकरण, दिगो आय आर्जनको लागि स्थानिय एवं बाह्य श्रोतको बिकास र परिचालन क्षमतामा विकास, नीतिगत सुधारका लागि वकालत, लगायत पूर्वाधार निर्माणमा समेत सहयोग गर्दै आयको छ । यसको अलावा यसले स्थानिय स्तर, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका सरकारी, अर्ध सरकारी एवं गैंर सरकारी निकायहरु संग समन्वय राख्ने र श्रोत जुटाउने काम गर्दै आएको छ ।

आ.व. २०६३/०६४ को प्रगति समिक्षा गर्दा विभिन्न ९ वटा परियोजनाहरु मार्फत १४,२०० परिवारका कूल १,०४,३११ जना लाभान्वीत हुने आयआर्जन, क्षमता विकास, भौतिक पूर्वाधार विकास र अधिकार स्थापनाका क्षेत्रहरुमा यस संस्थाले काम गरिरहेको छ । आ.व. २०६३/०६४ मा कार्यान्वयन भएका परियोजना र तिनको संक्षिप्त प्रगति विवरण तलका खण्डहरुमा दिईएको छ ।

## १. खानेपानी तथा सरसफाई कार्यक्रम, पाँचौं समूह, कार्यान्वयन चरण, प्यूठान

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक तथा प्राविधिक सहयोगमा प्यूठान जिल्लामा संचालन भैरहेका तीन वटा खानेपानी तथा स्वास्थ्य र सरसफाई आयोजनाहरुको कार्यान्वयन चरणका कामहरु २०६३ आश्विनमा संपन्न भएका छन । तीन वटा आयोजनाहरुको कूल लागत सामाजिक परिचालन खर्च सहित रु ६८ लाख ९ हजार ७ सय अठासी रहेको छ । जस मध्ये दातृ संस्थावाट रु ४३,७४,३८६.८० र वांकी समुदायको योगदानवाट व्यहोरिएको थियो । यो कार्यक्रम वाट ४३२ परिवारका कूल २७१५ जनाले ७१ वटा धारा निर्माण गरि स्वच्छ पिउने पानी र सरसफाई सुविधा प्राप्त गरिरहेका छन् । यस कार्यक्रम अन्तर्गत अधिकांश घरधुरीमा सुलभ सौचालय र तीन वटा विद्यालयहरुमा आधुनिक सौचालय निर्माण गर्ने कार्य समेत संपन्न भउको छ ।

पुनर्जागरण समाज नेपालले प्राप्त गर्ने सामाजिक परिचालन वजेट तर्फ यस आ.व.मा कूल रु ५,१६,२३५.४१ खर्च भएको छ ।

यस अन्तर्गत संपन्न गरिएका प्रमुख क्रियाकलापहरु निम्नानुसार रहेका छन् ।

* आयोजना कार्यान्वयन गर्ने संवम्धमा जिल्ला विकास समित, जिल्ला प्रशासन कार्यालय, सरसफाई तथा खानेपानी डिभिजन कार्याल, आदि संवद्ध निकायहरुमा जानकारी आदान प्रदान गर्ने तथा निर्माण सामाग्रीहरु खरिदको लागि सिफारिस लिने ।
* उपभोक्ता समुदाय परिचालन गरि निर्माण सामाग्रीहरु आयोजना स्थलमा लैजाने, समुदायहरुको श्रम परिचालन गरि पाईपलाईन खन्ने, पुर्ने, संरचनाहरु निर्माण गर्ने स्थलहरु खन्ने, लगायतका संवै स्थानिय श्रम र सामाग्री उपलवध गराउन सहयोग गर्ने,
* स्कूलहरुमा स्वच्छ सौचालयहरु र पानीको धाराको निर्माण गर्ने ।
* खानेपानी तथा सरसफाई उपभोक्ता समूहहरु, तीन वटा महिला प्राविधिक सेवा समूहहरु, ७० वटा आमा धारा समूहहरुलाई तालिम दिने र स्वास्थ्य तथा सरसफाई शिक्षा उपलव्ध गराउने । महिला प्राविधिक सेवा समूहहरुको आयआर्जन कार्यक्रम संचालन गर्न मद्दत गर्ने, आमा धारा समूहरुलाई

स्वास्थ्य र सरसफाई तालिम तथा वचत तथा ऋण संवन्धि प्रशिक्षण, ५ वटा स्कूलका शिक्षक तथा विद्यार्थिहरुलाई स्वास्थ्य र सरसफाई तालिम ।

* उपभोक्ता समूहहरुलाई नेतृत्व विकास, संस्थागत विकास, सामुदायिक कार्ययोजना, खानेपानी तथा स्वास्थ्य र सरसफाई तालिमहरु प्रदान गरियो ।
* ७५ प्रतिशत परिवारमा सौचालय निर्माण गर्ने ।

## २. गरीबी निवारण कार्यक्रम, प्यूठान

गरीबी निवारण कोषको आर्थिक सहयोगमा २०६१ साल फाल्गुण महिना देखि प्यूठान जिल्लाका अत्यन्त विकट चार गा.वि.स.हरु क्रमशः फोप्ली, डाम्री, लिघा, खवाङ्ग मा संचालन भैरहेको गरीबी निवारण कार्यक्रम विगतको द्वन्दको कारण अवरुद्ध रहेकोमा २०६३ श्रावण देखि सुचारु भयो । यस आ.व. भित्र जनजाती, दलित र अत्यन्त विपन्न परिवारका महिला गरि कूल १,२५० घरधुरीहरु (जनसंख्या ८,३९८) ४३ वटा सामुदायिक संस्थाहरुमा आवद्ध भई विभिन्न आयआर्जन र भौतिक पूर्वाधार विकासका कार्यहरुमा संलग्न रहेका छन् । यस कार्यक्रम अन्तर्गत भएका प्रगतिहरुको संक्षिप्त विवरण निम्नमनुसार रहेको छ :

| | |
|---|---|
| कूल सामुदायिक संस्थाहरुको गठन र दर्ता | ४३ वटा |
| आयआर्जन परियोजनाहरु | ४० वटा (रु १,५०,४९,६५३/-) |
| भौतिक पूवाधार विकास आयोजनाहरु | १५ वटा (रु १,४७,०२,६४१/-) |

आयआर्जन परियोजनाहरु तर्फ स्थानिय शीप, स्रोत र वजार अनुकुल हुने तरकारी खेती, पशुपालन, सिलाई कटाई, मौरी पालन, लोक्ता खेती, जडिवुटी खेती, नगदेवाी प्रवर्धन, खाद्य सुरक्षा अभिवृद्धि, आदि रहेका छन् । यी कार्यक्रमहरुमा समुदायले १० प्रतिशत नगद र अन्य जिन्सी योगदान गरिरहेका छन् भने गरीवी निवारण कोषवाट आर्थिक सहयोग उपलव्ध भएको छ ।

यसै गरि पूर्वाधार विकास तर्फ खानेपानी तथा सरसफाई आयोजनाहरु १० वटा, लघु सिंचाई २ वटा र स्कूल भवन निर्माण ३ वटा रहेका छन् । समुदायले स्थानिय सामाग्री र श्रम उपलव्ध गराउने छन् ।

उपरोक्त आयोजना आ.व. २०६४/०६५ मा पनि सुचारु हुनेछन् ।

सामाजिक परिचालन तर्फ यस आ.व.मा कूल रु ४,८४,५६१/- खर्च भएको छ ।

## ३. महिला लघु ऋण परियोजना

यो कार्यक्रम भक्तपुर जिल्ला दधिकोट गा.वि.स.का सवै वार्डहरुमा संचालन गरिएको छ । यस गा.वि.स.का लक्षित परिवारहरुको आर्थिक स्थिति सुधार गर्न हाल सम्म २८ वटा समूहमा १६५ जना महिलाहरु समावेश गरिएको छ । यस अवधिमा महिला समूहहरुको परिचालन, समूह व्यवस्थापन तथा वचत परिचालन गर्न सहयोग, सहकारी संस्थामा महिलाहरुलाई आवद्ध गर्ने, आयमूलक कामहरु गर्ने महिलाहरुको व्यवसाय प्रवर्द्धन गर्न सहयोग उपलव्ध गराउने, तालिम तथा सेवा प्रदान गर्ने निकायहरु संग समन्वय गराउने, आदि कामहरु गरियो । यो कार्यक्रम संस्था आफैले संचालन गरिरहेको छ ।

## ४. बेलवारी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, मोरङ्ग

नेपाल सरकार/ आवास तथा भौतिक योजना मन्त्रालय/ खानेपानी तथा ढल निकास विभाग - साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, आयोजना व्यवस्थापन कार्यालय को आर्थिक सहयोगमा यस संस्थाले मोरङ्ग जिल्लाको बेलवारी गा.वि.स. वडा नं. १, २, ३ र ४ मा बेलवारी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजनामा गैर सरकारी संस्थाको सेवा उपलब्ध गराईरहेको छ । यस कार्यक्रम वाट आयोजना क्षेत्रका २६५३ परिवारका १४,२२० जना लाभान्वीत भैरहेका छन् । यस

आ.व.मा कार्यक्रमको निर्माण चरण (Implementation Phase) को कार्य २०६३ पौष देखि शुरु भएको हो । गैरसरकारी संस्था सेवा अन्तर्गतका सवै कामहरु २०६४ भाद्र महिनामा संपन्न गरिने छ ।

यस परियोजना अन्तर्गत हाल सम्म भएका उपलव्धीहरु निम्नानुसार रहेका छन् :

* स्वच्छ पिउने पानी र स्वास्थ्य तथा सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि कार्यहरु गरिएको,
* सामुदायिक कार्य योजना निर्माण,
* आयोजना क्षेत्रको सामाजिक-आर्थिक पार्श्वचित्र तयार,
* समुदायबाट आयोजनाको लागतको ५ प्रतिशत नगद संकलन कार्य अन्तर्गत हाल सम्म करिव रु १५ लाख शंकलन ।
* समुदायको १५ प्रतिशत लगानी वापत रु १ करोड २ लाख परियोजनामा लगानी (जिन्सी तथा नगद) ।
* आयोजना भित्र स्वास्थ्य सरसफाई र जनचेतना अभिवृद्धि गर्न कूल १२९ जनालाई प्रशिक्षित गरि परिचालन गरिएको छ ।
* खानेपानी तथा सरसवफाई उपभोक्ता संस्थाको संस्थागत सुदृढिकरण भएको छ ।

यस कार्यक्रम अन्तर्गत आ.व. २०६३/०६४ मा कूल रु ३,७५,८९४.४८ खर्च भएको छ ।

## ५. इटहरी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, सुनसरी

नेपाल सरकार/ आवास तथा भौतिक योजना मन्त्रालय/ खानेपानी तथा ढल निकास विभाग - साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, आयोजना व्यवस्थापन कार्यालय को आर्थिक सहयोगमा यस संस्थाले सुनसरी जिल्लाको इटहरी नगरपालिकाका सवै वडाहरु, हांसपोसा गा.वि.स.को वडा नं. १ र एकम्वा गा.वि.स.को वडा नं. २ मा ईटहरी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजनामा गैर सरकारी संस्थाको सेवा उपलब्ध गराईरहेको छ । यसका लागि २८ अगस्त २००६ मा संझौता संपन्न भएको छ । यस गै.स.स. सेवाको कुल लागत १६,३५,७५५/- रहेको छ । सुनसरी जिल्लाकै सिक्सा नामक गैर सरकारी संस्थाले स्थानिय गैरसरकारी संस्थाको सेवा उपलव्ध गराईरहेको छ । यस कार्यक्रम वाट आयोजना क्षेत्रका ७,६६० परिवारका ३८,९१३ जना लाभान्वीत भैरहेका छन् । यस आ.व.मा कार्यक्रमको तयारी चरण (Preparatory Phase) को कार्य २०६३ आश्विन देखि २०६३ फाल्गुण सम्म संचालन गरेको थियो ।

यस आयोजनाको तयारी चरण अन्तर्गत यस आ.व. भित्र रु ५,२१,२८६.५५ खर्च भएको छ ।

यस परियोजना अन्तर्गत हाल सम्म भएका उपलव्धीहरु निम्नानुसार रहेका छन् :

* स्वच्छ पिउने पानी र स्वास्थ्य तथा सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि कार्यहरु गरिएको,
* समुदायबाट आयोजनाको लागतको ५ प्रतिशत नगद संकलन र समुदायको १५ प्रतिशत लगानी हुनाउन विभिन्न कार्यक्रमहरु संचालन ।
* खानेपानी तथा सरसवफाई उपभोक्ता संस्थाको संस्थागत सुदृढिकरणका लागि प्रशिक्षण ।

## ६. खानेपानी तथा सरसफाई कार्यक्रम, छैठौं समूह, विकास चरण, प्यूठान

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक तथा प्राविधिक सहयोगमा छैठौं समूह अन्तर्गत प्यूठान जिल्लाका तीन गा.वि.स.मा चार वटा खानेपानी तथा स्वास्थ्य र सरसफाई आयोजनाहरुको विकास चरणको कामहरु २०६२ आषाढ १२ गते देखि शुरु भएका छन । यी आयोजनाहरु वाट ५१६ घरका २,९७२ जनाले स्वच्छ पिउने पानी र सरसफाई सुविधा प्राप्त गर्ने छन् ।

विकास चरणको दौरानमा चार वटा खानेपानी आयोजनाहरुको विस्तृत डिजाईन ईष्टिमेट तयार गर्ने, ५० प्रतिशत परिवारमा सुलभ सौचालय निर्माण गर्ने, समुदायमा स्वास्थ्य तथा सरसफाईको जनचेतना अभिवृद्धि गर्ने र आयोजनाको लागि समुदायको योगदान जुटाउने कार्य संपन्न भएको छ ।

आयोजनाको विकास चरणको कूल लागत रु १२,१६,०९२ रहेकोमा यस आ.व. भित्र कूल रु ६,५४,३२४.९४ खर्च भएको छ ।

## ७. सामुदायकि खानेपानी तथा सरसफाई परियोजना, रुकुम तथा रोल्पा

नेपाल सरकार, खानेपानी विभाग अन्तर्गत संचालन भएको सामुदायिक खानेपानी तथा सरसफाई परियोजना संचालन गर्न पुनर्जागरण समाज नेपालले परियोजनाका इकाई कार्यालय रोल्पा र रुकुम संग २०६३ साल जेष्ठमा संझौता संपन्न गरेको छ । यो कार्यक्रमको अवधि ४ जुन २००६ देखि ३ जुन २००९ सम्म रहेको छ । यो कार्यक्रममा स्थानिय गैर सरकारी संस्थाहरु नेपाल मगर समाज तथा सूचना केन्द्र मुसिकोट रुकुम र मधुरमा युवा क्लव लिवाङ्ग रोल्पा संग संयूक्त उपक्रममा संचालन भैरहेको छ । यस अन्तर्गत रोल्पाको जेदवाङ्ग गा.वि.स.का तीन वटा खानेपानी आयोजनाहरु वाट ४४६ परिवारका २८५४ जना र रुकुम जिल्लाका हुकाम र कांक्री गा.वि.स.का चार वटा खानेपानी आयोजनाहरु वाट ५२३ परिवारका २६३९ जना लाभान्वीत भैरहेका छन् ।

आयोजना अवधिभरको लागि रोल्पा र रुकुमको संझौता रकम क्रमशः रु १२,५०,४८६.७७ र रु २०,८०,५७०.८३ रहेको छ । यो आ.व.मा यी परियोजनाहरुको योजना चरण संपनन गरि संभाव्यता अध्ययन प्रतिवेदन वुझाउने कार्य संपन्न भएको छ ।

यस आ.व.मा रुकुम तथा रोल्पा जिल्लाको सामाजिक परिचालन अन्तर्गत क्रमश रु २,८६,९३७/- र रु १,५०,७५२.८१ खर्च भएको छ ।

यो कार्यक्रम अन्तर्गत प्रमुख रुपमा निम्न कार्यहरु भैरहेका छन् :

- ✦ स्वच्छ पिउने पानी तथा स्वास्थ्य र सरसफाई संवन्धि जनचेतना अभिवृद्धि गर्ने,
- ✦ उपभोक्ता समूह तथा समिति गठन गरि दर्ता गर्ने,
- ✦ अनौपचारिक शिक्षा लगाएत विभिन्न शीप विकास तालिमहरु उपलव्ध गराउने,
- ✦ आयोजनाको सामाजिक, आर्थिक र ईन्जिनियरिङ्ग सर्वेक्षण गरि सामाजिक आर्थिक पार्श्वचित्र तयार गर्ने,
- ✦ आयोजनाको लगत अनुमान तयार गर्ने,
- ✦ समुदायको योगदान जुटाउने,
- ✦ गा.वि.स. र जि.वि.स.को अनुदान जुटाउने,
- ✦ समुदाय परिचालन गरि उपभोक्ता समिति मार्फत खानेपानी तथा सरसफाई सुविधाहरुको निर्माण गर्ने,
- ✦ आयोजनाको रेखदेख र सुपरिवेक्षण गर्ने,
- ✦ आवधिक प्रतिवेदनहरु पेश गर्ने, आदि ।

## ८. सामुदायकि खानेपानी तथा सरसफाई परियोजना, जाजरकोट तथा हुम्ला

नेपाल सरकार, खानेपानी विभाग अन्तर्गत संचालन भएको सामुदायिक खानेपानी तथा सरसफाई परियोजना संचालन गर्न पुनर्जागरण समाज नेपालले परियोजनाका इकाई कार्यालय रोल्पा र रुकुम संग २०६४ साल आषाढमा संझौता संपन्न गरेको छ । यो कार्यक्रमको अवधि २६ महिलनाको रहेको छ । यो कार्यक्रम स्थानिय गैर सरकारी संस्थाहरु ग्रामिण समाज नेपाल, जाजरकोट र जन उत्थान विकास

कार्यक्रम हुम्ला संग संयूक्त उपक्रममा संचालन भैरहेको छ । यस अन्तर्गत जाजरकोटको जगातीपुर गा.वि.स.का दुई वटा खानेपानी आयोजनाहरु वाट २८५ परिवारका २,०५० जना र हुम्ला जिल्लाको मैला गा.वि.स.का दुई वटा खानेपानी आयोजनाहरु वाट १७९ परिवारका १,२४० जना लाभान्वीत भैरहेका छन् ।

आयोजना अवधिभरको लागि जाजरकोट र हुम्ला संझौता रकम क्रमशः रु १०,५३,५६३/- र रु १२,५२,२१९.७० रहेको छ । आर्थिक वर्षको सूरुमा आयोजनाहरुको पहिलो किस्ता प्राप्त भएको छ ।

## ९. महिला लोकतान्त्रिक सञ्जाल परियोजना

अधिकार, प्रजातन्त्र र समावेशीकरण कोष मार्फत Enabling State Programme/ DFID को आर्थिक सहयोगमा देशका विभिन्न ५० जिल्लाहरुमा यस संस्थाले महिला लोकतान्त्रिक सञ्जाल परियोजना कार्यान्वयन गरिरहेको छ । यस परियोजनाले राजनैतिक पार्टी र राज्य सत्ताका प्रमुख अङ्गहरुमा आयोजनाको अन्त्य सम्ममा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने लक्ष राखेको छ जस अन्तर्गत सहभागिताको ८ प्रतिशतको अवस्था वाट १६ प्रतिशत पुऱ्याउने लक्ष किटान गरिएको छ ।

यस आयोजनाको अवधि दुई वर्षको रहेको छ । यस अन्तर्गत ५० वटा जिल्लाका प्रमुख राजनैतिक पार्टीमा आवद्ध महिला नेतृहरुलाई एकै सञ्जालमा आवद्ध गर्ने, सञ्जालहरु र महिला नेतृहरुको क्षमता विकास र संस्थागत सुदृढिकरण गर्ने र महिला, आदिवासी, दलित र पिछडिएको स्थानका महिलाहरुको हक र अधिकार सुनिश्चित गर्न रणनीतिक कार्ययोजना वनाई पार्टीहरुको सहमतीमा कार्यान्वयन गर्ने कार्यहरु गरिने छ । यस आयोजनाको कूल लागत २,३३,०६,९१०/- रहेको छ भने यस आ.व.मा कूल खर्च ६१,१३,७२७.६५ रहेको छ ।

# आ.व. २०६४/०६५ को लक्ष्य एवं कार्यक्रमहरु

चालु आ.व. २०६४/०६५ मा यस संस्थाले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस आ.व. तथा आगामी आ.व. मा संचालन भइरहेका र हुने क्रियाकलापहरुको संक्षिप्त अनुमानित विवरण यस प्रकार रहेको छ :

## १. खानेपानी तथा सरसफाई कार्यक्रम, छैठौं समूह, कार्यान्वयन चरण, प्यूठान

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक तथा प्राविधिक सहयोगमा छैठौं समूह अन्तर्गत प्यूठान जिल्लाका तीन गा.वि.स.मा विकास चरण संपन्न भएका चारवटा खानेपानी तथा स्वास्थ्य र सरसफाई आयोजनाहरुको कार्यान्वयन चरणका कामहरु २०६४ मंसिर देखि शुरु गर्ने योजना रहेको छ । यी आयोजनाहरु वाट ५१६ घरका २,९७२ जनाले स्वच्छ पिउने पानी र सरसफाई सुविधा प्राप्त गर्ने छन् । आयोजनाको कुल लागत ६५ लाख हुने अनुमान गरिएको छ ।

## २. खानेपानी तथा सरसफाई कार्यक्रम, सातौं समूह, विकास चरण प्यूठान

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक तथा प्राविधिक सहयोगमा सातौ समूह अन्तर्गत प्यूठान जिल्लाको मरन्ठाना गा.वि.स.हरुमा एक वटा खानेपानी तथा स्वास्थ्य र सरसफाई आयोजनाहरुको विकास चरणको कामहरु २०६४ साल श्रावण महिना देखि शुरु भएको छ । यस कार्यक्रम अन्तर्गत ४९ परिवारका ३०२ जना व्यक्तिहरु लाभान्वीत हुनेछन् ।

## ३. बेलवारी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, कार्यान्वयन चरण, मोरङ्ग

साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, आयोजना व्यवस्थापन कार्यालय को आर्थिक सहयोगमा यस संस्थाले मोरङ्ग जिल्लाको बेलवारी गा.वि.स. वडा नं. १, २, ३ र ४ मा बेलवारी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजनाको कार्यान्वयन चरण (Implementation Phase) को कार्य २०६४ भाद्र महिना सम्म संचालन गर्नेछ । यो आयोजनामा संस्थाले आ.व. २०६२/०६३ देखि गैसस सेवा उपलव्ध गराईरहेको छ ।

## ४. ईटहरी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजना, सुनसरी

साना सहरी खानेपानी तथा सरसफाई सेक्टर आयोजना, आयोजना व्यवस्थापन कार्यालय को आर्थिक सहयोगमा चालु इटहरी साना सहरी खानेपानी तथा सरसफाई सेक्टर परियोजनाको कार्यान्वयन चरणको कामहरु मंसिर २०६४ देखि शुरु हुनेछन् । यस आयोजना वाट सुनसरी जिल्लाको ईटहरी नगर पालिकाका सवै ९ वटा वडाहरु, हासपोसा र एकम्वा गा.वि.स.हरुका एक एक वटा वडाहरुका ७,६६० परिवारका कूल ३८,९१३ जना लाभान्वीत हुनेछन् ।

## ५. सामुदायिक खानेपानी तथा सरसफाई परियोजना, रुकुम, रोल्पा, जाजरकोट तथा हुम्ला

नेपाल सरकार, खानेपानी विभाग अन्तर्गत संचालन भएको सामुदायिक खानेपानी तथा सरसफाई परियोजनाको आर्थिक सहयोगमा आ.व. २०६३/०६४ मा चालु यी ४ जिल्लाका कार्यक्रमहर आव २०६५ ०६६ सम्म संचालन भैरहने छन् । यो कार्यक्रममा स्थानिय गैर सरकारी संस्थाहरुसंग संयूक्त उपक्रममा रही संचालन गरिने छ । यस कार्यक्रमवाट ४ जिल्ला गरि कूल १,४३३ परिवारका ८,७८३ जनालाई स्वच्छ पिउनेपानी र सरसफाई सुविधाहरु उपलव्ध हुनेछ ।

यो कार्यक्रम अन्तर्गत प्रमुख रुपमा निम्न कार्यहरु गरिने छ :

- ✦ स्वच्छ पिउने पानी तथा स्वास्थ्य र सरसफाई संवन्धि जनचेतना अभिवृद्धि गर्ने,
- ✦ उपभोक्ता समूह तथा समिति गठन गरि दर्ता गर्ने,

- ✦ अनौपचारिक शिक्षा लगायत विभिन्न शीप विकास तालिमहरु उपलब्ध गराउने,
- ✦ आयोजनाको सामाजिक, आर्थिक र ईन्जिनियरिङ्ग सर्वेक्षण गरि सामाजिक आर्थिक पार्श्वचित्र तयार गर्ने,
- ✦ आयोजनाको लगत अनुमान तयार गर्ने,
- ✦ समुदायको योगदान जुटाउने,
- ✦ गा.वि.स. र जि.वि.स.को अनुदान जुटाउने,
- ✦ समुदाय परिचालन गरि उपभोक्ता समिति मार्फत खानेपानी तथा सरसफाई सुविधाहरुको निर्माण गर्ने,
- ✦ आयोजनाको रेखदेख र सुपरिवेक्षण गर्ने,
- ✦ आवधिक प्रतिवेदनहरु पेश गर्ने, आदि ।

यस आर्थिक वर्ष भित्र आयोजनाको संभाव्यता अध्ययन गर्ने, विस्त्रीत ईन्जिनियरिङ्ग लागत अनुमान तयार गरि स्वीकृत गराउने, जनचेतना अभिवृद्धि र क्षमता अभिवृद्धिका कार्यहरु संपन्न गर्ने र रोल्पा तथा रुकुम जिल्लाहरुको हकमा खानेपानी तथा सरसफाई सुविधाहरुको निर्माण कार्य २०६४ फाल्गुण देखि शुरु गर्ने योजना रहेको छ ।

## ६. सामुदायिक खानेपानी तथा सरसफाई परियोजना (दैलेख, सल्यान, दाड., दार्चुला, मुगु, कालिकोट, जुम्ला र डोल्पा जिल्लाहरु)

नेपाल सरकार, खानेपानी विभाग अन्तर्गत संचालन भएको सामुदायिक खानेपानी तथा सरसफाई परियोजनाको आर्थिक सहयोगमा आ.व. २०६४/०६५ देखि दैलेख, सल्यान, दाड., दार्चुला, मुगु, कालिकोट, जुम्ला र डोल्पा जिल्लाहरुमा स्थानिय गैर सरकारी संस्थाहरुसंग संयूक्त उपक्रममा रही यो कार्यक्रम संचालन गर्ने योजना रहेको छ ।

## ७. गरीवि निवारण कार्यक्रम, प्यूठान

गरीबी निवारण कोषको आर्थिक सहयोगमा २०६१ साल फाल्गुण महिना देखि प्यूठान जिल्लाका अत्यन्त विकट पाँच गा.वि.स.हरुमा गरीबी निवारण कार्यक्रम संचालन भैरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य गरीबी र भोगोलिक विकटताको मारमा परेका आदिवासी/जनजाती, दलित, महिला तथा न्यून आय भएका परिवारहरुको पहुच खानेपानी, सिंचाई, सडक, जस्ता सामाजिक तथा आर्थिक पूर्वाधारहरु सम्म पुराउनु र दीर्घकालिन रुपमा उनीहरुको आय वृद्धि हुने कार्यक्रमहरु संचालन गर्नु रहेको छ ।

यस चालु आ.व. तथा आगामी केही वर्ष सम्म यो आयोजना संचालन भैरहने छ । यस आ.व.मा २,६०० परिवारका १५,९६० जनालाई आयआर्जन, पूर्वाधार विकास, क्षमता विकास, जनचेतना अभिवृद्धि जस्ता क्षेत्रहरुमा सहयोग गर्ने कार्य हुने छ यसका लागि ८५ वटा सामुदायिक संस्थाहरुको गठन र परिचालन, ३७ पूर्वाधार विकास आयोजनाहरु र ८५ आयआर्जन परियोजनाहरु संचालन हुनेछन् ।

समाज परिचालन तर्फ कूल २३,६७,८७५ रकम खर्च हुनेछ भने परियोजना संचालन गर्न करिव रु ३ करोड ५० लाख लागत लाग्ने पूर्वानुमान रहेको छ ।

## ८. गरीवी निवारण कोष कार्यक्रम, पर्सा तथा रोल्पा

गरीबी निवारण कोषले विस्तार गर्दैरहेको कार्यक्रम क्षेत्र मध्ये यस संस्थाले रोल्पा तथा पर्सा जिल्लामा यो कार्यक्रम संचालन गर्न पहल गर्ने छ । यी स्थानहरुमा यो कार्यक्रम २०६५ वैशाख सम्ममा शुरु हुनेछ ।

## ९. महिला लोकतान्त्रिक सञ्जाल परियोजना

अधिकार, प्रजातन्त्र र समावेशीकरण कोष मार्फत Enabling State Programme/ DFID को आर्थिक सहयोगमा देशका विभिन्न ५० जिल्लाहरुमा यस संस्थाले २०६३ मंसिर देखि महिला लोकतान्त्रिक सञ्जाल परियोजना कार्यान्वयन गरिरहेको छ। यो कार्यक्रम २०६५ कार्तिक सम्म संचालन हुनेछ।

यस परियोजनाले राजनैतिक पार्टी र राज्य सत्ताका प्रमुख अङ्गहरुमा आयोजनाको अन्त्य सम्ममा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने लक्ष राखेको छ जस अन्तर्गत सहभागिताको ८ प्रतिशतको अवस्था वाट १६ प्रतिशत पुऱ्याउने लक्ष किटान गरिएको छ। यस अन्तर्गत ५० वटा जिल्लाका प्रमुख राजनैतिक पार्टीमा आवद्ध महिला नेतृहरुलाई एकै सञ्जालमा आवद्ध गर्ने, सञ्जालहरु र महिला नेतृहरुको क्षमता विकास र संस्थागत सुदृढिकरण गर्ने र महिला, आदिवासी, दलित र पिछडिएको स्थानका महिलाहरुको हक र अधिकार सुनिश्चित गर्न रणनीतिक कार्ययोजना वनाई पार्टीहरुको सहमतीमा कार्यान्वयन गर्ने कार्यहरु गरिने छ।

## १०. लघु वचत तथा कर्जाको कारोवार गर्ने

महिला लघु ऋण परियोजना संचालन भएको कार्यक्षेत्र समेत गरि भक्तपुर, पर्सा र प्यूठान मध्ये कुनै एक जिल्लामा नेपाल राष्ट वैक संग वित्तिय मध्यस्थकर्ताको अनुमति लिई लघु वचत तथा लघु कर्जाको कार्यक्रम संचालन गर्ने योजना रहेको छ। यसका लागि जिल्ला प्रशासन कार्यालयमा पेश गरिएको विधान संशोधन प्रश्ताव स्वीकृत भैनसकेकोले यस लागि थप पहल गर्ने र पारित भए पश्चायत नेपाल राष्ट्र वैक संग अनुमतिको लागि निवेदन दिईने छ।

**पुनर्जागरण समाज नेपालको २०६२/८/१० गते वसेको साधारण सभाले निर्वाचित गरेको प्रवन्ध समितिका सदस्यहरुको नामावली**

| क.स. | पदाधिकारीहरुको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री यम बहादुर थापा | अध्यक्ष | प्यूठान |
| २ | डा. विजय कुमार सिह | उपाध्यक्ष | महोत्तरी |
| ३ | श्री मदन ब. थापा | सचिव | प्यूठान |
| ४ | ई पुरुषेत्तम श्रेष्ठ | कोषाध्यक्ष | ललितपुर |
| ५ | श्री उर्मिला अर्याल | सदस्य | भक्तपुर |
| ६ | डा. त्रैलोक्य नाथ श्रेष्ठ | सदस्य | काभ्रे |
| ७ | श्री पूर्ण बहादुर चेम्जोङ्ग | सदस्य | ताप्लेजुङ्ग |